# बगनासकाली गाउँपालिका
# बगनासकाली गाउँ कार्यपालिकाको कार्यालय
## चिर्तुङ्गधारा, पाल्पाको

**यम्घा टिपुवा, र मन्द्रान क्षेत्रबाट नदीजन्य पदार्थ (ढुङ्गा,गिट्टी, बालुवा) उत्खनन, निकासी/विक्री ठेक्का लगाउने सम्बन्धी सिलवन्दी वोलपत्र आह्वानको सूचना !**

**दोश्रो पटक प्रकाशित मिति २०७६।८।१८**

यस बगनासकाली गाउँपालिका क्षेत्रभित्र पर्ने वडा नं. ६ यम्घा अर्न्तगत (कालीगण्डकी नदीको पाल्पा खण्ड तर्फ) कालीगण्डकी स्थित टिपुवाघाट र मन्द्रान क्षेत्रबाट आ.व. ०७६/०७७ को लागि नदीजन्य पदार्थ (ढुङ्गा,गिट्टी र बालुवा) को उत्खनन,सङ्कलन र निकासी/विक्री ठेक्का व्यवस्थापन स्थानीय तहबाट गरिने भएकोले नदीजन्य पदार्थको कर असुली कार्य ठेक्काद्धारा गराउन सिलवन्दी वोलपत्र आव्हान गरिएको छ। ईच्छुक फर्म तथा निर्माण व्यवसायीले यस कार्यालयबाट वोलपत्र फारम खरिद गरी आवश्यक विवरण भरी वोलपत्रमा उल्लेख भएका कागजात संलग्न राखी तोकिएको न्यूनतम अङ्कमा नघटाई शिलबन्दी वोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। आफुले कवोल गरेको अङ्कको ५% ले हुने धरौटी रकम तपसिलमा उल्लेखित बगनासकाली गाउँ कार्यपालिका कार्यालयको धरौटी खातामा जम्मा गरेको बैंक भौचर संलग्न हुनु पर्नेछ। ठेक्का सम्वन्धि शर्तहरू तपसिल बमोजिम छन्।

**शर्तहरू :**

१. वोलपत्र दिन चाहने फर्म/निर्माण व्यवसायीले यस कार्यालयबाट पछि फिर्ता नहुने गरी ठे.नं. १ को वोलपत्र फारमको रू.३०००।- र ठे.नं. २ को वोलपत्र फारमको रू. १०००।- तिरी वोलपत्र फारम खरिद गर्न सकिने छ।
२. वोलपत्र फारम खरिद गर्ने मिति :- यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र।
३. सिलवन्दी वोलपत्र दाखिल गर्ने मिति :- यो सूचना प्रकाशन भएको १६ औं दिन, दिनको १:०० बजे भित्र। उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलि पल्ट सोही समय भित्र दर्ता गर्नु पर्नेछ।
४. वोलपत्र खोल्ने मिति, समय र स्थान : १६ औं दिन, दिनको ३:०० वजे वोलपत्रदाता र कार्यालयका कर्मचारी प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। वोलपत्रदाता उपस्थित नभएमा पनि खोल्न वाधा पर्ने छैन।
५. ठेक्का स्विकृत भएमा ठेक्का संभौता गर्नु अगावै ठेक अङ्कको दुई किस्ता मध्ये एक किस्ता ठेक्का संभौता गर्दा अग्रीम बुझाउनु पर्नेछ। बाँकी दोश्रो किस्ताको लागि राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट जारी भएको परफरमेन्स वण्ड (ठेक्का अवधि सम्म) म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ। बाँकी दोश्रो किस्ता २०७७ बैशाख महिना भित्र बुझाउनु पर्नेछ।
६. ठेक्का स्विकृत भएमा ठेक्का सञ्चालन गर्ने जिम्मा ठेकेदारको हुनेछ।
७. तोकिएको दर बाहेकको कर लिन पाइने छैन। तोकिए बाहेकको कर लिएमा वा करदाताको निवेदन पर्न आएमा जे जति रकम अनियमित तरिकाबाट असुल गरिएको हो त्यतिनै रकम सम्बन्धित करदातालाई फिर्ता गर्नु पर्नेछ। यस्तो कार्य पटक पटक दोहोरिएमा ठेक्का तोडी गाउँपालिकाले अर्को व्यवस्था गर्नेछ। यसरी ठेक्का तोड्दा संस्थालाई भएको हानी नोक्सानी ठेकेदारले जम्मा गरेको जमानतबाट असुल उपर गरिनेछ।
८. ठेक्का वापतको मु.अ.कर/आयकर ठेकदारले किस्ता रकम संगै कार्यालयमा नै बुझाउनु पर्नेछ।
९ प्राप्त वोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
१०. ठेक्काको उठाउने दर (भ्याट वाहेक) प्रति क्यूफिट रू. ३।-(तीन रूपैंया) तोकिएको छ र सो सम्वन्धी विवरण संभौता पत्रमा समावेश गरिनेछ।
११. उठाउने तरिका : बगनासकाली गा.पा. वडा नं. ६ को तोकिएको स्थान प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको सीमा भित्र रही करको दरको विवरण सबैले देख्ने स्थानमा होडिङ्ग वोर्ड राखेर मात्र कर असुल गर्नु पर्नेछ। रकम लिएपछि गाउँपालिकाबाट प्रमाणित गरिदिएको रसिद ठेकदारले अनिवार्य रूपमा सम्बन्धितलाई दिनुपर्ने छ।
१२. कवोल गरेको अंकको ५% ले हुन आउने धरौटी वापतको रकम रा.बा.बैक पाल्पा स्थित यस कार्यालयको धरौटी खाता हि.नं. ३०३०३०३००७१०८ मा जम्मा गरेको बैंक भौचर पेश गर्नु पर्नेछ।
१३. ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कुनै पनि किसिमको मिनाहा छुट दिइने छैन।
१४. ठेक्का अवधि २०७७ आषाढ मसान्तसम्मको लागि मात्र हुने छ। तर उत्खनन कार्य आषाढ महिनामा गर्न पाइने छैन्।
१५. ठेकेदारले ठेक्का संभौता गर्नु अगावै पेश गर्नु पर्ने जमानत पत्र/बैंक ग्यारेन्टी पेश नगरेमा ठेक्का संभौता गरिने छैन।
१६ न्यूनतम ठेक अंकमा नघट्ने गरी सबै रकम अग्रिम एकमुष्ठ बुझाउदा ५% छुट दिन सकिनेछ।
१७. ठेक्का सम्वन्धमा कुनै कुराको जानकारी चाहिएमा कार्यालय समय भित्र गाउँ कार्यपालिकाको कार्यालयमा वा ९८६७५४४००८ मा सम्पर्क राख्न सक्नु हुनेछ।

**तपसिल :**

| ठेक्का नं. | ठेक्का विवरण | उत्खनन परिमाण (घन फिट) | न्यूनतम ठेक अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| १/०७६/०७७ | वडा नं. ६ यम्घा, टिपुवा घाट (कालीगण्डकी नदीको पाल्पा तर्फ) | ८,७२,४०३ घन फिट | २६,१७,२१०।- |
| २/०७६/०७७ | वडा नं. ६ यम्घा, मन्द्रान घाट (कालीगण्डकी नदीको पाल्पा तर्फ) | ६,६०,७२३ घन फिट | १९,८२,१७०।- |
| | | | |